# गरिमा म्युचूअल फण्ड
## अन्तर्गत सञ्चालित
# गरिमा समृद्धि योजना
## को

# इकाईधनी दर्ता किताब बन्द हुने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८२/०४/१६**

गरिमा विकास बैंक लिमिटेडद्वारा प्रवर्द्धन गरिएको तथा गरिमा क्यापिटल लिमिटेडको व्यवस्थापनमा रहेको सामूहिक लगानी कोष "गरिमा म्युचूअल फण्ड" अन्तर्गत सञ्चालित पहिलो बन्दमुखी योजना "गरिमा समृद्धि योजना" ले आर्थिक वर्ष २०८१/८२ का लागि आफ्ना इकाईधनीहरुलाई ५.१० प्रतिशत (कर सहित) का दरले हुन आउने रकम रु. ६,३७,५०,०००.००/- (अक्षरेपी : छ करोड सैंतिस लाख पचास हजार रुपैयाँ मात्र) नगद लाभांश (कर सहित) वितरण गर्ने सम्बन्धमा मिति २०८२ साल श्रावण महिना १५ गते, बिहीबार अपरान्ह ०४:०० बजे बसेको योजना व्यवस्थापक कम्पनी गरिमा क्यापिटल लिमिटेडको सञ्चालक समितिको ८१ औं बैठकबाट निर्णय भएको व्यहोरा जानकारी गराउँदछौं । उक्त नगद लाभांश इकाईधनीहरुलाई वितरण गर्ने प्रयोजनार्थ योजनाको इकाईधनी दर्ता किताब **मिति २०८२ साल श्रावण महिना २७ गते** एक दिनका लागि बन्द रहने व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गराउँदछौं । मिति २०८२ साल श्रावण महिना २६ गतेसम्म नेप्सेको प्रणालीमा कारोबार भई प्रचलित कानून बमोजिम तोकिएको समयावधि भित्र रितपूर्वक नामसारी भई आएका इकाईधनीहरु मात्र नगद लाभांशको लागि हकदार हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

आफ्नो हितग्राही खातामा बैंक खाता अद्यावधिक भएका इकाईधनीहरुको सोही बैंक खातामा लाभांश वितरण गरिनेछ । साथै, हालसम्म आफ्नो हिताग्राही खातामा बैंक खाता अद्यावधिक नभएका इकाईधनीहरुलाई आफ्नो बैंक खाता अद्यावधिक गर्नका लागि यसै सूचना मार्फत अनुरोध गरिन्छ ।

# योजना व्यवस्थापक


नेपाल धितोपत्र बोर्डबाट मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न अनुमतिपत्र प्राप्त संस्था

**गरिमा क्यापिटल लिमिटेड**
**GARIMA CAPITAL LIMITED**
(A Subsidiary of GARIMA BIKAS BANK LIMITED)
समृद्धिको सारथी

**कमलपोखरी-१, काठमाडौं, नेपाल ।**
फोन : ०१-४५२९१४९/५०, ४५१६६९१
**Email:** info@garimacapital.com, mutualfund@garimacapital.com
**URL :** www.garimacapital.com